# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने ब्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या:

मिति: २०७५।१२।१३

श्री प्रमुखज्यू,
पुनर्वास नगरपालिका,
कञ्चनपुर ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट पुनर्वास नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.८८ लाख ३५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२८ लाख २८ हजार, नियमित गर्नुपर्ने रु.४० लाख, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२० लाख ७ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १९ यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# पुर्नवास नगरपालिका, कञ्चनपुर
## लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । सुदुरपश्चिम प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत ११ वडा, ५९ नगर सभा सदस्य, १०१.७१ वर्ग कि.मी.क्षेत्रफल र ५३६३३ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :**आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| | आय तर्फ | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| **क.स** | **विवरण** | **रकम** | **क.स** | **विवरण** | **रकम** |
| **१** | **गत वर्षको जिम्मेवारी** | १७६७७६२५.२८ | **१** | **चालु खर्च** | १९५९११९८४.८० |
| | क) नगद | ९८२६८७.८७ | **२** | **पूँजीगत खर्च** | २४१३०४५६१.९७ |
| | ख) बैंक | १६६९४९३७.४१ | **३** | **वित्तीय व्यवस्था भुक्तानी** | |
| **२** | **राजस्व (आन्तरिक आय)** | १७८१००३१.७१ | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | १७८१००३१.७१ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | **४** | **लगानी** | |
| **३** | **वित्तीय हस्तान्तरण** | ३८७४३७०९०.१ | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | २६०९१०००० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | १२६५२७०९०.१० | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | **५** | **धरौटी फिर्ता** | १६०६६९६ |
| | घ) विशेष अनुदान | | **६** | **कोष खर्च** | ३००००० |
| **४** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **७** | **मौज्दात** | ७४२४६०११.८ |
| | क)वित्तीय समानीकरण अनुदान | | | क) नगद मौज्दात | ५७५५६१.८७ |
| | ख) सशर्त अनुदान | | | ख) बैंक मौज्दात | ७३६७०४४९.९३ |
| | ग) समपूरक अनुदान | | | | |
| | घ) विशेष अनुदान | | | | |
| **५** | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | |
| **६** | **वित्तीय व्यवस्था प्राप्ति** | | | | |
| | क) ऋण प्राप्ति | | | | |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| **७** | **विभिन्न कोषतर्फको आय** | २०९४१३५.१२ | | | |
| **८** | **जनसहभागिता (नगद)** | | | | |
| **९** | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| **१०** | **धरौटी आय** | १०००७६०२.३९ | | | |
| **११** | **लगानीको साँवा फिर्ता** | | | | |
| **१२** | **अन्य विविध आय** | ७८३४२७६९.९७ | | | |
| | **जम्मा** | **५१३३६९२५४.५७** | | **जम्मा** | **५१३३६९२५४.५७** |

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम . |
|---|---|---|
| १. | **गतबर्षको मौज्दातः** संचित कोषको हिसाव राख्दा गतबर्षको मौज्दात र यो बर्षको जिम्मेवारी सारेको रकम भिडान हुनु पर्दछ । यस नगरपालिकाबाट पेश भएको आर्थिक बर्ष २०७४।७५ को आर्थिक विवरण अनुसार गतबर्षको मौज्दात रु. १७६७७६२५.२८ देखाएको छ भने गतबर्षको एकिकृत वित्तिय विवरण तथा लेखापरीक्षण प्रतिवेदनमा मौज्दात/फिर्ता उल्लेख गरी रु. २४६६३०२३.९५ उल्लेख गरेकोमा संचित कोष र अन्य कोषको मौज्दात तथा निकासा फिर्ता खर्च विवरणमा उल्लेख नभएकोले गतको मौज्दातको बैंक हिसाव विवरण अनुसार संचित कोष तथा अन्य कोषको गतको मौज्दात फरक देखिएतापनी कार्यालयले पेश गरे बमोजिम हिसाव भिडान भएको देखिएको छ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस बर्षका बजेट २०७४।५।५ मा पारित गरी ५८ दिन ढिलो भएकोले समयमा बजेट पारित गरेको पाइएन । यसमा सुधार हुनुपर्दछ । | |
| ३. | **श्रोतअनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा नगरपालिकाले उल्लेखित प्रक्रिया पुरा गरी बजेट तर्जुमा गरेको लेखापरीक्षणबाट देखिएन । | |
| ४. | **वजेट, कार्यक्रम तर्जुमा तथा योजना छनोट :–** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । नगरपालिकाले नगरसभाबाट पारित गरे बाहेकका विभिन्न योजना तथा कार्यक्रममा नगरकार्यपालिकाको पटके निर्णयबाट योजना छनोट र बजेट विनियोजन गरी खर्च गर्ने गरेको नगरपालिकाको माइन्यूटबाट देखियो । यसरी पटके निर्णयबाट छनौट भएका योजना तथा कार्यक्रमको बजेट तथा खर्च सम्बन्धी एकिन विवरण नगर कार्यपालिकाबाट पेश नभएकोले उल्लेख गर्न सकिएन । योजना छनोट गर्दा कार्यक्रमको प्राथमिकताको आधारमा भन्दा पहुँच र प्रभावको आधारमा योजना छनोट हुने गरेको देखिदा नियमानुसार नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना नहुने गरी नगरसभाबाट अनुमोदित योजनामात्र कार्यान्वयन हुनुपर्दछ । | |
| ५. | **नगर सडक गुरुयोजना :-** नगरपालिकाको अनुदानबाट सडक/पक्की नाला/ढल आदि योजनाहरु छनौट गर्दा पालना गर्नुपर्ने शर्तहरु अन्तर्गत ७ वटा शर्तहरु उल्लेख गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय नगरपालिका योजना तथा व्यवस्थापन शाखाको च.नं.५.२.९६ मिति २०७३।८।१३ को पत्रबाट सबै नगरपालिकाहरुलाई परिपत्र गरेको छ । नगरपालिकाले योजना छनौट गर्दा नगरपालिकाको एम.टि.एम.पि को क्लास ए अन्तर्गत पहिलो प्राथमिकता प्राप्त सडक योजना छनौट गर्नुपर्ने र एम.टि.एम.पि तयार नभएको हकमा नगरपालिकाको पहिलो प्राथमिकता प्राप्त सडक छनौट गर्नुपर्ने उल्लेख छ । यस नगरपालिकाको एम.टि.एम.पि तयारी भै नसकेको साथै नगरपालिकाले समेत आफ्नो क्षेत्रभित्रका सडकहरुको प्राथमिकता निर्धारण गरी प्राथमिकता प्राप्त सडकको अभिलेख (Inventory) नराखेकोले यस नगरपालिकाबाट कार्यान्वयनमा ल्याइएका सडक योजनाहरु प्राथमिकता प्राप्त सडकहरु हुन भनि आश्वस्त हुने अवस्था छैन । तसर्थ | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम .</th></tr>
<tr><td></td><td>नगरपालिकाको श्रोतको उच्चतम उपयोग र योजनाको दिगोपनाको लागि एम.टि.एम.पि तयारी तथा स्वीकृत गरी प्राथमिकता प्राप्त योजनाहरुको अभिलेख (Project Bank) बनाई सोही बमोजिम योजना छनौट तथा सञ्चालन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>विद्युतिय लेखा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलब्ध गराई सबै गाँउपालिका/नगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले (SUTRA) प्रयोग नगरी आफ्नै तरिकाले साँग्रिला सफ्टवेयर प्रयोग गरेको पाइयो । सफ्टवेयरको विश्वसनियता परिक्षण गरी सम्वन्धित निकायवाट स्विकृति समेत लिएको नदेखिएकोले  नगरपालिकाले महालेखा नियन्त्रक कार्यालयद्धारा स्वीकृत सफ्टवयरको प्रयोग गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७.</td><td>आन्तरीक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन ।
<ul>
<li>सार्वजनिक खरिद ऐन नियमावलीको खरिद पद्धतिका सिमाहरु विपरित उपभोक्ता समिति मार्फत मालसामान खरिद गर्ने गरेको,</li>
<li>योजनाको संख्या अत्याधिक रुपमा सञ्चालन गर्ने गरेकोले अनुगमन प्रभावकारी हुन नसकेको,</li>
<li>महालेखा नियन्त्रक कार्यालयले तयार पारेको लेखा सफ्टवेयर SUTRA को प्रयोग नभएको,</li>
<li>जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट हेभि मेशिन उपकरण प्रयोग गरी सञ्चलान गर्ने गरेको हेभि मेशिन उपकरण प्रयोग गर्न प्राविधिकको सिफारिस र कार्यालयको सहमति नलिएको,</li>
<li>नापि किताव नियन्त्रण अभिलेख खाता म.ले.प.फा.नं. १७२ राख्ने नगरेको,</li>
<li>खरिद योजना बनाउने नगरेको,</li>
<li>भुक्तानी जनाउने छाप लगाउने नगरेको,</li>
<li>कन्टिन्जेन्सीको आम्दानी खर्चको हिसाव एकमुष्ट भएको योजनागत रुपमा नभएको,</li>
<li>भ्रमण अभिलेख खाता राख्ने नगरेको,</li>
<li>भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको, (भ्रमण खर्च नियमावली, २०६४ को नियम २१)</li>
<li>संकलित राजश्व समयमा नै बैक दाखिला नगरी ढिला दाखिला गर्ने गरेको,</li>
</ul></td><td></td></tr>
<tr><td>८.</td><td>चौमासिक खर्च– कार्यालयले पुर्व स्वीकृत कार्यक्रम अनूसार योजना सञ्चालन गरी सो अनूसार बजेट खर्च गर्नु पर्दछ । कार्यालयबाट भएको पुँजीगत खर्चको चौमासिक  स्थिति निम्न अनूसार छ ।<br>(रु. हजारमा)
<table>
<tr><th rowspan="2">क्र. सं.</th><th rowspan="2">बजेट उपशीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="7">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th><th>प्रतिशत</th><th>आषाढ महिना</th><th>प्रतिशत</th></tr>
<tr><td>१</td><td>८०१३७२३</td><td>२१२८७४।०</td><td>८५६।५</td><td>१४३९९।०</td><td>१९७६१८।५</td><td>९२.८३</td><td>६७५११।००</td><td>३१.७१</td></tr>
<tr><td>२</td><td>३६५८५२३</td><td>६२०४।०</td><td>०</td><td>८८।३</td><td>६११५।७</td><td>९८.५८</td><td>५०२४।५</td><td>८०.९९</td></tr>
<tr><td>३</td><td>३६५८९४</td><td>६००।०</td><td>०</td><td>०</td><td>६००।०</td><td>१००</td><td>१९१।२</td><td>३१.८७</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम . |
|---|---|---|
| | उपर्युक्त तालिका बमोजिम तेस्रो चौमासिकमा १००% सम्म र आषाढमा ८०.९९% सम्म खर्च भएको देखिएकोले आ.ब.को अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मुल्याकंन गर्न समय कम भै कामको गुणस्तरमा असर पर्न सक्दछ । तसर्थ चौमासिक कार्यक्रम तथा कार्य तालिका बनाई कार्य सञ्चालन गर्नु पर्दछ । | |
| ९. | **स्थानीय तथ्यांक र अभिलेख** :– स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा नगरपालीकाले अभिलेख व्यवस्थापन गर्ने तर्फ ध्यान दिनुजरुरी छ । | |
| १०. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्र स्तरिय आयोजनाको लक्ष्य तथा प्रगति सम्बन्धमा फारम नं. ८ बमोजिमको ढाँचामा (शुन्य प्रतिशत प्रगति, २५ प्रतिशत सम्म प्रगति, ५० प्रतिशत सम्म प्रगति र ७५ प्रतिशत सम्म प्रगति भएका कार्यक्रम) विवरण उपलव्ध नभएकोले प्रगति विश्लेषण गर्न सकिएन । | |
| ११. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरकार्यपालिकाबाट प्राप्त विवरण अनुसार विभिन्न पद र श्रेणिका ७४ कर्मचारी दरबन्दी स्वीकृत भएकोमा १८ पद पुर्तिभई ५६ रिक्त भएको पाइयो । दरवन्दी अनुसार पद पुर्ति नहुदा सेवा प्रवाहमा असर पर्ने हुदाँ दरबन्दी अनुसार जनशक्ती व्यवस्थापन हुनुपर्दछ । | |
| १२. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल, फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १३. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिका / नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले यस तर्फ सुधार गर्नुपर्दछ । | |
| १४. | **अनुगमन एवं पृष्ठपोषण**: नगरपालिकाबाट संचालित कार्यक्रम तथा योजनाहरु समयमै र गुणस्तरीय रुपमा संचालन भएको आश्वस्त हुनकोलागि संचालित कार्यक्रमको अनुगमन तथा अनुगमनबाट देखिएका व्यहोराहरु संलग्न गरी प्रतिवेदन गर्ने प्रतिवेदनको आधारमा सुधारकालागि पृष्ठपोषण लिने तथा भुक्तानी म्याद थप जस्ता विषयमा अनुगमन प्रतिवेदनसँग आवद्ध गराई प्राप्त पृष्ठपोषण बमोजिम निर्णय लिनुपर्नेमा नगरपालिकाबाट भएको अनुगमन तथा सोको पृष्ठपोषणको अवस्था कमजोर देखियो । स्वीकृत कार्यक्रम तोकिएको गुणस्तर, समय परिमाण र लागतमा सम्पन्न छन छैन यकिन गरी प्रभावकारीता बढाउन अनुगमन र पृष्ठपोषणलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ । | |
| १५. | **कन्टिजेन्सी खर्च व्यवस्थापन**: बहुवर्षिय रुपमा सम्पन्न हुने योजनाको कन्टिजेन्सी खर्चको योजनागत अभिलेख खाता राख्नुपर्नेमा नगरपालिकाले योजनागत लागत अनुमानका आधारमा कन्टिजेन्सी कट्टी | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम .</th></tr>
<tr><td></td><td>तथा खर्च अभिलेख नराखी कुल पूँजिगत खर्चको ३ प्रतिशतको सिमामा रहने गरी खर्च गर्ने गरेको कन्टिन्जेन्सी खर्च अभिलेख खाताबाट देखियो । नगरपालिकाले राख्ने अभिलेखबाट चालु बर्ष सम्पन्न हुने योजनाको सम्बन्धमा बजेटको सिमा भित्र रहन खर्च गरेको देखिएतापनि नगरपालिका भवन कर्वड हल निर्माण जस्ता वहुवर्षिय योजनाको योजना र कन्टिन्जेन्सी खर्च गर्न योजनागत कन्टिन्जेन्सी खर्च खाता राखी खर्च व्यवस्थापनमा सुधार हुनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>फोहोरमैला व्यवस्थापनः फोहोरमैला व्यवस्थापन ऐन २०६८ तथा नियमावलीमा कुहिने र नकुहिने फोहोर श्रोतमा नै (घरमा) बर्गिकरण गर्ने तथा सोही बमोजिम ढुवानी तथा सम्बन्धित ल्याण्डफिल साइटमा विसर्जन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको श्रोतमा बर्गिकरण ढुवानी तथा विर्सजन गरेको अभिलेखबाट देखिएन । नगरपालिकाबाट फोहर व्यवस्थापन (विर्सजन) को लागि ल्याण्डफिड निर्माण गरी प्रयोगमा ल्याएको नपाइएकोले फोहोर व्यवस्थापनमा (Solid waste management) नगरपालिकाको अवस्था कमजोर देखियो । नियमानुसार फोहोरको बर्गिकरण, ढुवानी र विर्सजन गर्ने गरी फोहोर व्यवस्थापन गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>निवेदन फछ्र्यौटः स्थानिय जनतालाई नजिकको निकायबाट न्याय सम्पदान गर्ने उद्देश्यले स्थानिय नगरपालिकाको न्यायिक समितिबाट छिटो निवेदन फछ्र्यौट गरी शिध्र न्याय दिनकोलागि परेका निवेदन तथा उजुरी समयमै फछ्र्यौट हुनु पर्दछ । आर्थिक बर्ष २०७४।७५ मा न्यायिक निर्णयकोलागि ३० निवेदन परेकोमा ३ फछ्र्यौट भई २७ बाँकी रहेको पाइयो । स्थानियस्तरमा सुशासन कायम गर्न समितिमा आवश्यक जनशक्ती तथा समय व्यवस्थापन गरी न्यायिक समितिमा परेका निवेदन शिघ्र फछ्र्यौट गर्न सम्बद्ध पक्षको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>उपभोक्ता समितितर्फः</td><td></td></tr>
<tr><td>१८.</td><td>उपभोक्ता समिति : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कायांलयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । नगरकार्यपालिकाबाट संघिय खरिद ऐन नियमको पालना नहुनु प्रमुख कारण देखिन्छ। संघिय तथा प्रदेश कानुनको सिमा भित्र रही उपभोक्ता समिति गठन, योजना सञ्चालन,लागत सहभागिता, फरफारक हस्तान्तरण सार्वजनिक परीक्षण लगायतका कार्य उपभोक्ता समितिबाट गर्ने कार्यविधि निर्माण गरी सोही बमोजिम कार्य हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>वस्तु खरिद :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा १ करोड रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख भएकोमा कार्यालयले निर्माण बाहेक वस्तु खरिद सम्बन्धि कार्य समेत उपभोत्ता समितिसँग गराएको पाइयो । नगरपालिकाबाट संघिय खरिद कानुन प्रतिकुल हुने निर्णय गरी वस्तु खरिदका कार्यहरु गर्ने गरी निर्णय हुनुलाई राम्रो मान्न सकिएन । यस सम्बन्धि थप व्यहोरा निम्नानुसार छन ;</td><td></td></tr>
<tr><td>२०.</td><td>ट्रान्सफरमर खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा १ करोड रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख भएकोमा नगरकार्यपालिकाको कार्यालयले निर्माण बाहेक प्राविधिक प्रकृतिको वस्तु (ट्रान्सफरमर) खरिद सम्बन्धि कार्य समेत उपभोत्ता समितिसँग गराएको पाइयो ।
<table>
<tr><th>सि. नं.</th><th>कामको विवरण</th><th>उपभोत्ता समितिको नाम</th><th>कुल मूल्याङ्कन</th><th>भुक्तानी गरेको मिति</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>५० के.भि.ए ट्रान्सफमर खरिद तथा जडान</td><td>नयाँ ट्रान्सफरमर खरिद उपभोत्ता समिति वडा नं. १० विकास वस्ती</td><td>५५०२४०.०</td><td>१८२-२०७४/११/१५</td><td>५०००००.०</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम . |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | १०० के.भि.ए ११/४०० के.भि ३ फेज डिट्रिव्युसन ट्रान्सफरमर | बल्लाचोक देखि सेलजोम चोकसम्म विचमा ट्रान्सफरमर पोल र तार जडान उ.स | ५८७०००.० | २८६-२०७५/१/२० | ५०००००.० | जडान नभएको |
| | **जम्मा** | | | | १००००००.० | |

यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन ।

| | | |
|---|---|---|
| २०.१. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ विपरित जटिल प्राविधिक ज्ञान आवश्यक पर्ने वस्तु खरिदको कार्य उपभोक्ता समितिसँग गरेको कार्य नियमसम्मत नदेखिएको रु. | १००००००.० |
| २०.२. | उल्लेखित दुवै ट्रान्सफरमर उपभोक्ता समिति कोटेशनबाट एउटै फम (के.डि. भागेश्वर सप्लायर्स ध.न.पा. ४) संग खरिद गरेको छ । जसले गर्दा रु.५ लाख भन्दा बढि २० लाख सम्मको खरिद कार्य सिलबन्दी दरभाउ लिएर गर्नुपर्नेमा उपभोक्ता समिति मार्फत खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित भएको देखियो । | |
| २०.३. | उल्लेखित दुवै ट्रान्सफरमर आपूर्तिमा उत्पादन मिति तथा वारेन्टी अवधि स्पष्ट छैन ।  स्पेशिफिकेशन स्पष्ट तोकेर सो बमोजिम आपुर्तकले आपूर्ति गरेको प्राविधिक प्रतिवेदन संलग्न गरेको छैन । सि.नं. १ मा उल्लेखित ५०.के.भि.एको ट्रान्सफरमरको गुणस्तर परीक्षण प्रतिवेदन (Factory Test report) संलग्न भएतापनि सि.नं.२ मा उल्लेखित १०० के.भि.ए को ट्रान्सफरमरको गुणस्तर सम्बन्धमा आश्वस्त हुने अवस्था छैन । | |
| २०.४. | **स्पेशिफिकेशन**: विद्युतिकरणको लागि खरिद हुने विभिन्न क्षमता (५० KVA, १०० KVA) का ट्रान्सफरमरहरुको स्पेशिफिकेशन विद्युत प्राधिकरण वा सम्बन्धित बिषय विज्ञबाट प्राविधिक सल्लाहमा तयार गर्नु पर्नेमा सो बमोजिम भएको पाइएन । स्पेशिफिकेशन तयारीमा प्रक्रियागत कमजोरी देखिएकोले सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । | |
| २०.५. | **लागत अनुमान**: सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही सोही नियमको उपनियम २ मा उल्लेखित कुरालाई आधार लिइ लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सो बमोजिम समग्र खरिद कार्यको लागत अनुमान तयार गरेको पाइएन । यसरी लागत अनुमान तयार गर्दा जिल्ला स्थित विद्युत प्राधिकरणको गतवर्षको खरिद इकाई दरलाई सन्दर्भ मुल्यको रुपमा समेत लिएको छैन । नियमानुसार लागत अनुमान तयार हुनुपर्दछ । | |
| २०.६. | **जिन्सी दाखिला**: आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार जिन्सी दाखिला गरेर मात्र भुक्तानी हुनु पर्दछ । उपभोक्ता समितिहरु मार्फत खरिद भएको ट्रान्सफरमर सम्बन्धित उपभोक्ता समितिको आफ्नै जिन्सी खातामा दाखिला गरेको पाइयो । कार्यालयबाट भएको भुक्तानीको कार्यलयमा जिन्सी दाखिला छैन । | |
| २०.७. | **ट्रान्सफरमर जडान र वारेण्टी**: सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद गर्नु पूर्व खरिद योजना वनाउनु पर्ने र खरिद योजना वनाउनु पहिले खरिद आवश्यकताको पहिचान हुनुपर्ने उल्लेख छ । नगरपालिकाबाट उपभोक्ता समिति मार्फत खरिद भएका ट्रान्सफरमरहरु मध्ये वडा नं. १० को ५० के.भि.ए को १ थान ट्रान्सफरमर जडान भएको पाइयो भने १०० के.भि.ए.को ट्रान्सफरमर जडान तथा जडानको प्रकृयामा समेत गएको नदेखिदा प्राप्त हुने सेवामा असर पर्ने देखिन्छ । यस अवस्थाले १०० के.भि.ए. को ट्रान्सफरमर तत्काल आवश्यकताका आधारमा नै खरिद भएको हो भनि आश्वस्त हुन सकिदैन । | |
| २०.८. | **विद्युत्त प्राधिकरणलाई भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्च प्रमाणित हुने विल भरपाई तथा अन्य प्रमाण संलग्न गरेर भुक्तानी हुनुपर्ने उल्लेख छ । यस नगरपालिकाको कार्यालयबाट ११ के.भि line errection and transformer installation कार्य बापत रु. २६११९०।९८ को लागत अनुमान स्वीकृत गरी नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गरेकोमा विद्युत प्राधिकरणबाट यर्थाथ खर्च भएको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले खुद खर्च यकिन गर्न सकिएन । यर्थाथ खर्च यकिन गरी बाँकी रकम सम्बन्धित सञ्चित कोषमा जम्मा गरेको | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम . |
|---|---|---|
| | प्रमाण पेश हुनुपर्ने रु. | २६११९०.९८ |
| २१. | **कार्यक्रम संसोधन :-** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम स्वीकृत कार्यक्रम तथा अख्तियारीको सिमा भित्र रहेर खर्च हुनुपर्दछ । यस नगरकार्यपालिकाको कार्यालयबाट स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) बाट स्वीकृत कार्यक्रममा उल्लेख नभएको मोवाइल सेट थान १(OPPO FC) बापत गो.भौ.नं. २-२०७५।२।२१ बाट रु. ४०२६५। मा खरिद गरि रकम भुक्तानी गरेको पाइयो । यसरी कार्यक्रम विपरीत भएको खर्च नियमित हुनुपर्ने रु. | ४०२६५.० |
| २२. | **अनुपातिक कट्टी**: उपभोक्ता समितिसँग निर्माण कार्य गराउदा लागत अनुमान र सम्झौता अनुसार बजेटको सिमाभित्र रही अनुपातिक रुपमा भुक्तानी हुनुपर्नेमा सम्झौताको समयमा तोकिएको लागत अनुमान भन्दा घटी मुल्यमा कार्यसम्पन्न भएको अवस्थामा अनुपातिक रुपमा कट्टी गर्नुपर्नेमा नगरपालिकाबाट स्वीकृत कार्यविधिमा उक्त व्यहोरा समावेश नगरेको तथा भुक्तानीमा समेत अनुपातिक कट्टी गर्ने गरेको पाइएन । नमुना छनौट गरी परीक्षण भएका मध्ये निम्नानुसार उपभोक्ता समितिको अनुपातिक कट्टी गरेको नपाइएकोले कार्यविधिमा समेत अनुपातिक कट्टी गर्ने व्यवस्था हुनुपर्दछ । नमुना छनौट गरी परीक्षण गरेका वाहेक अन्यको आनुपतिक कट्टि कार्यालयबाट यकिन गरी नमुना परीक्षण गरेका निम्न भुक्तानीको अनुपातिक कट्टी नपुग भएको रकम सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल हनुपर्ने रु. | १९१७६.० |

| सि.नं. | उपभोक्ता समितिको नाम | अन्तिम विलको गो.भा. नम्वर | लागत अनुमान | सम्झौता अनुसार कार्यालयबाट भुक्तानी हुने रु. | कार्य सम्पन्न | भुक्तानी रु. | अनुपातिक कट्टी बापत असुल हुनु पर्ने रु. |
|---|---|---|---|---|---|---|---|
| १ | रा.मा.वि देखि प्यारा ताल ग्राभेल उ.स | १९०-२०७४/११/२२ | ६३१५४८.० | ५०००००.० | ६२९९८८.० | ५००००००.० | १२३९ |
| २ | विर मान विष्टको घर देखि ५ नं. हुदै दलिमायाको घर सम्म ग्रावेल उ.स | १५५-२०७४/११/१ | ७६६९२३.० | ६०००००.० | ७६५४७५.० | ६००००००.० | ११६९.० |
| ३ | विजय मा.वि भवन मर्मत सम्भार उ.स | २२०-२०७४/१२/८ | ९००००३.० | ८०००००.० | ८९८००३.० | ८००००००.० | २५७३.० |
| ४ | पचकडिया डोडा ग्रावेल उ.स | २३२-२०७४/१२/१४ | ६१३३३९.० | ५०००००.० | ६१०८८३.० | ५००००००.० | २००८.० |
| ५ | जमुनाघारी जाने बाटो पक्की नाला माटो फिलिङ बाटो नि.उ.स | ३९९-२०७५/३/७ | १४५४६७७.० | १२५००००.० | १४४०४९०.० | १२५०००००.० | १२१८७.० |
| | **जम्मा** | | | | | | १९१७६.० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम . |
|---|---|---|
| २३. | **पूँजिगत शिर्षक र चालु प्रकृतिका खर्च**: पूँजिगत शिर्षकबाट दिर्घकालिन महत्वमा पूँजि निर्माण हुनुपर्नेमा सो नगरी चालु प्रकृतिका कार्यमा नगरपालिकाबाट पटके तोक आदेशको आधारमा विभिन्न व्यक्ति समुह तथा संस्थालाई आर्थिक सहयोग प्रदान गर्ने गरेको देखियो । यस प्रकारको खर्चमा नियन्त्रण हुनुपर्दछ । उदाहरणको लागि केही खर्च यस प्रकार छन् ; | |

| सि.नं | गो.भौ. / मिति | भुक्तानी पाउने व्यक्ति /संस्था | प्रयोजन | भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| १. | २-२०७४/५/६ | पार्वती देवी शाही | तिज कार्यक्रम | १००००.० | |
| २. | ५-२०७४/५/१४ | कालिका वजार व्यवस्थापन समिति | तिज कार्यक्रम | ३००००.० | |
| ३. | ११-२०७४/५/२६ | तिज मेला आयोजक समिति डोके बजार | तिज कार्यक्रम | १५०००.० | |
| ४. | १२-२०७४/५२७ | प्रगती बजार व्यवस्थापन समिति | तिज कार्यक्रम | १५०००.० | |
| ५. | ३२-२०७४/६/१८ | नव आदर्श युवा क्लव | साँस्कृतिक कार्यक्रम | ३०००.० | |
| ६. | ३५-२०७४/६/२५ | सिद्धनाथ मन्दिर गौरा समिति | गौरा पर्व/देउडा प्रतियोगिता | १००००.० | |
| ७. | ४२-२०७४/७/१ | लाल प्रसाद घिमिरे, कोटेश्वर मन्दिर व्यवस्थापन | रामलिला महोत्सव | २५०००.० | नगर |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम . |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | समिति | | | प्रमुखको तोक आदेश |
| ८. | ४७-२०७४/७/८ | न्यू पूनर्वास डान्स सेन्टर | तिहार उपलक्ष्यमा | ८०००.० | |
| ९. | ४८-२०७४/७/८ | परोपकार युवा क्लव | दशै तिहार | १००००.० | |
| १०. | ५०-२०७४/७/१५ | संगितमय रामलिला आयोजक समिति हेम बहादुर थापा | रामलिला | १०००००.. | |
| ११. | ५२-२०७४/७/२७ | भानु युवा क्लव | चर्तुदशी मेला | २५०००.० | नगर प्रमुखको तोक आदेश |
| १२. | ५५-२०७४/८/१ | प्रगति बजार व्यवस्थापन समिति | तिज कार्यक्रम | २००००.० | |
| १३. | ५६-२०७४/८/४ | नवोदय जनशक्ती युवा क्लव (भिम कुँवर) | क्रिकेट | १५०००.० | |
| १४. | ५७-२०७४/८/४ | कालिका युवा क्लव | फुटवल | २५०००.० | |
| १५. | १०७-२०७४/१०/९ | नेपाल तामाङ घेदुङ | सोनम ल्होसार | २००००.० | |
| १६. | १४७-२०७४/१०/२८ | कञ्चनपुर इसाई समाज पुर्नवास | सुदुर पश्चिम खिष्ट्रियन राजदुत शिविर | ५००००.० | |
| १७. | २-२०७४/४/२९ | ऐश्वरा शाही | राजयोग प्रशिक्षण | ५०००.० | |
| १८. | ३-२०७४/४/२९ | किशोर कुमार तामाङ | तिज कार्यक्रम | १५०००.० | |
| १९. | ४-२०७४//४/२९ | रामसिंह राना | राधा कृष्ण मन्दिरको कृष्ण अष्टमी | ५०००.० | |
| | | **जम्मा** | | **३९७०००.०** | |

२४. **वडाध्यक्ष सोधभर्ना :-** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार भएको निर्माण कार्यको नापजाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । कामको प्राविधिक नापजाँच बेगर सडक मर्मत सम्भार वापतको भुक्तानी वडाध्यक्ष लाई सोधभर्ना गर्ने गरेको पाइयो । कामको नापजाँच गरी काम गर्ने सम्बन्धितलाई सिधै भुक्तानी नगरी वडाध्यक्ष मार्फत भुक्तानी हुने कार्य बन्द हुनुपर्दछ । यसरी भुक्तानी भएको उदाहरणमा गो.भौ.नं. १५-२०७४।५।३० बाट खाल्डाखुल्डी मर्मत बापत श्री विर वहादुर बोगटीलाई रु. ११९००।, गो.भौ.नं. २३-२०७४।६।४ बाट कमरदास रानालाई रु. २४९५०। भुक्तानी गरेको देखिएको छ ।

२५. **विल भरपाई**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार खर्च प्रमाणित हुने विल भरपाई तथा अन्य प्रमाण संलग्न गरी भुक्तानी हुनु पर्नेमा कार्यालयबाट भएको खर्चको नमुना छनौट परीक्षण गर्दा निम्नानुसार भुक्तानीमा खर्च प्रमाणित हुने विल भरपाई बेगर भुक्तानी भएको पाइएकोले सोही प्रकारका अन्य भुक्तानी भए नगरपालिकाबाट छानविन गरी सो समेत निम्नानुसार भुक्तानी सम्बन्धमा सम्बन्धित जिम्मेवारबाट असुल हुनु पर्ने रु. — रकम: ११९५५०.०

| सि. नं. | कार्यक्रम | भुक्तानी पाउने व्यक्ति संस्था | प्रयोजन | भुक्तानी भएको गो.भौ.नं. | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | वित्तिय समानिकरण पूँजिगत | रमेश राना | सडक खाल्डाखुल्डी पुर्ने | २८-२०७४/६/८ | २००००.० | मर्मत स्थान र कसलाई काम लगाई भुक्तानी गरेको नखुलेको |
| २. | वित्तिय समानिकरण पूँजिगत | जय वहादुर कार्की | सडक खाल्डाखुल्डी पुर्ने | २९-२०७४/६/८ | २००००.० | मर्मत स्थान र कसलाई काम लगाई भुक्तानी गरेको नखुलेको |
| ३. | वित्तिय समानिकरण पूँजिगत | रुद्र प्रसाद पौडेल | सडक खाल्डाखुल्डी पुर्ने | ४३-२०७४/७/१ | १८७००.० | मर्मत स्थान र कसलाई काम लगाई भुक्तानी गरेको नखुलेको |
| ४. | वित्तिय समानिकरण पूँजिगत | गोपाल काफ्ले | सडक खाल्डाखुल्डी पुर्ने | ४४-२०७४/७/१ | २४०००.० | मर्मत स्थान र कसलाई काम लगाई भुक्तानी गरेको नखुलेको |
| ५. | वित्तिय समानिकरण पूँजिगत | विर बहादुर बोगटी | सडक खाल्डाखुल्डी पुर्ने | १५-२०७४/५/३० | ११९०० | मर्मत स्थान र कसलाई काम लगाई भुक्तानी गरेको नखुलेको |
| ६. | वित्तिय समानिकरण पूँजिगत | कमरदास राना | सडक खाल्डाखुल्डी पुर्ने | २३-२०७४/६/४ | २४९५०.० | मर्मत स्थान र कसलाई काम लगाई भुक्तानी गरेको नखुलेको |
| | | **जम्मा** | | | ११९५५०.० | |

२६. **नाफामुलक संस्थालाई भुक्तानी :-** नगरकार्यपालिकाले सम्पूर्ण नगरवासीलाई लाभ पुग्ने गरी योजना छनौट गर्नुपर्नेमा सिमित सदस्य भएको सहकारी तथा कृषक समुहलाई कुनै आधार (Critria) बेगर

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम . |
|---|---|---|

निम्नानुसार भुक्तानी गरेको पाइयो । नगरपालिका भित्रका सम्पूर्ण सम्भावित सरोकारवालाहरु ( सहकारी/कृषक समुह) छनौट हुन पाउने गरी निश्चित आधार तयार गरी सोही बमोजिम छनौट हुनुपर्नेमा कुनै निश्चित आधार संलग्न नगरी संस्थाहरुको छनौट गरी निम्नानुसार रु.१२,५०,०००। खर्च गरेको पाइयो ।

| सि. नं. | भुक्तानी पाउने संस्था | प्रयोजन | भुक्तानी गो.भौ.नं/विल | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | जनसेवा वचत तथा ऋण सहकारी संस्था लि. | ल्यापटप, प्रोजेक्टर | २०७-२०७५/११/२३ | १२००००.० | सहकारीको सामाग्री खरिदको सोधभर्ना गरेको |
| २. | जनसेवा वचत तथा ऋण सहकारी संस्था लि. | विभिन्न फर्निचर आइटम | २०८-२०७५/११/२३ | १३००००.० | सहकारीको सामाग्री खरिदको सोधभर्ना गरेको |
| ३. | पुनर्वास सहकारी संस्था लि. | - | ४७५-२०७५/३/२६ | ५०००००.० | नाफामुलक संस्थालाई अनुदान |
| ४. | त्रिभुवन केराखेती कृषि समुह | | ५३१-२०७५/३/३१ | ५०००००.० | नगर प्रमुखको तोकादेशको आधारमा पहिला सम्झौता र पछि कार्यपालिकाको निर्णय |
| | **जम्मा** | | | १२५००००.० | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम . |
|---|---|---|
| २६.१. | सिमित शेयरधनीलाई मात्र फाइदा पुग्ने गरी योजना छनौट गरेको तथा नगरक्षेत्रका सोही प्रकृतिका अन्य सहकारीहरुलाई अनुदान तथा अन्य सुविधा पाउन छनौटको अवसर प्रदान भएको नदेखिदा निश्चित आधार तयार गरी सोही बमोजिम छनौट हुनुपर्ने देखिन्छ । यस सम्बन्धमा सबैलाई सुविधा पाउने छनौट अवसर नदिई भएको खर्च नियमसम्मत नदेखिएको रु. | १२५००००.० |
| २६.२. | **सफ्टवेयर आम्दानी :-** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार जिन्सी तथा अन्य सम्पत्ती आम्दानी जनाई (सम्पत्ती अभिलेख गरी) खर्च लेख्नुपर्नेमा यो वर्ष विभिन्न बजेट शिर्षकबाट खरिद भएका निम्नानुसारका सफ्टवेयरहरु जिन्सी आम्दानी जनाएको नदेखिएको तथा सफ्टवेयरको प्रमाणिकरण नेपाल सरकारको सम्बन्धित निकायबाट लिएको प्रमाण संलग्न भएको नदेखिएकोले जिन्सी दाखिला तथा प्रमाणीकरण पेश हुनुपर्ने रु. | ८८००००.० |

| सि.नं. | गो.भौ.नं. मिति | कार्यक्रम | सफ्टवेयरको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ४०-२०७४/६/३० | वित्तिय समानीकरण | नगरपालिका वस्तुस्थिती प्रोफाइल सम्बन्धी सफ्टवेयर | २५००००.० | |
| २. | ४१-२०७४/६/३० | | स्थानीय तहका कर्मचारी सुचना प्रणाली सम्बन्धी | २५००००.० | |
| ३. | ४९१-२०७५/३/१२ | | स्मार्ट रोड स्पेशिफिकेशन | १५००००.० | |
| ४. | ४-२०७५/३/३१ | स्थानीय शासन तथा सामुदायिक विकास | जिन्सी व्यवस्थापन सम्बन्धी | २३००००.० | कुल खर्च २३०००० मध्ये एल.जि.सि.डि.पि बाट रु.१९१११८। वित्तिय समानीकरण चालुबाट बाँकी रु. भुक्तानी |
| | | | | ८८००००.० | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम . |
|---|---|---|
| | **सिमा क्षेत्र विकास कार्यक्रम, चालु** | |
| २७. | नगरपालिकाले अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७३ अनुसार खर्चको सिमा भित्र रहेर मात्र खर्च गर्नुपर्दछ । सिमा क्षेत्रका स्थानीय बासिन्दाहरुलाई स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम गर्दा नगरपालिकाले नगर प्रमुख तथा नगर उपप्रमुख लाई सल्लाहकार भत्ता बापत तीन दिनको रु. ४,०००।- का दरले जनही १२,०००।- रु.२४,०००।- ले रु. भुक्तानी गरेको पाइयो । यसरी नियम विपरीत उपलब्ध गराएको सल्लाहकार भत्ता बापतको रकम रु.२०४००।- ( करकट्टि पछिको) असुल गरी सञ्चितकोष दाखिला गर्नुपेर्ने रु. | २०४००.० |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम .</th></tr>
<tr><td></td><td>नगरपालिका चालु</td><td></td></tr>
<tr><td>२८.</td><td>तलवि प्रतिवेदन :- निजामती सेवा ऐन, २०४९ अनुसार जिल्ला स्थित कार्यालयहरुको तलवि प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारीत गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आ.व. २०७४।७५ को तलवि प्रतिवेदन पास नगराई यस बर्ष रु. २१८०७८७.७ खर्च लेखेको छ । नगर कार्यपालिकाले कर्मचारीहरुको तलवि प्रतिवेदन पारित गरी खर्च लेख्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>सोझै खरिद :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) बमोजिम सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने भन्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा नगरपालिकाले यस वर्ष रु. १०६७५२६.० को कार्यालय सामान सोझै खरिद गरेको छ । यसरी दरभाउपत्र बेगर खरिद गरेको अनियमित देखिएको रु.
<table>
<tr><th>क्र.स</th><th>गो.भौ.नं. मिति</th><th>फर्मको नाम</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१.</td><td>२५-२०७४/५/३०</td><td>लटिनाथ स्टेशनरी एण्ड सप्लायर्स</td><td>१९३८५१.०</td></tr>
<tr><td>२.</td><td>११२-२०७४/८/१९</td><td>लटिनाथ स्टेशनरी एण्ड सप्लायर्स</td><td>१४८०५२.०</td></tr>
<tr><td>३.</td><td>१७८-२०७४/१०/७</td><td>जय पुस्तक पसल एण्ड स्टेशनरी</td><td>१०९०००.०</td></tr>
<tr><td>४.</td><td>२३१-२०७४/११/२०</td><td>लटिनाथ स्टेशनरी एण्ड सप्लायर्स</td><td>१०३९६०.०</td></tr>
<tr><td>५.</td><td>२५७-२०७४/११/२८</td><td>जय पुस्तक पसल एण्ड स्टेशनरी</td><td>१३१३३५.०</td></tr>
<tr><td>६.</td><td>३५५-२०७५/२/१३</td><td>जय पुस्तक पसल एण्ड स्टेशनरी</td><td>१४६९२०.०</td></tr>
<tr><td>७.</td><td>३८५-२०७५/२/२५</td><td>आयष्मान स्टेशनरी एण्ड सप्लायर्स</td><td>१२४५५३.०</td></tr>
<tr><td>८.</td><td>२०७५/३/३१</td><td>जय पुस्तक पसल एण्ड स्टेशनरी</td><td>१०९८५५.०</td></tr>
<tr><td>९.</td><td></td><td>जम्मा</td><td>१०६७५२६.०</td></tr>
</table></td><td>१०६७५२६.०</td></tr>
<tr><td>३०.</td><td>बैठक भत्ता :- संघिय तथा प्रदेश कानुनको सिमा भित्र रहेर पदाधिकारीको भत्ता तथा अन्य सुविधा भुक्तानी हुनुपर्दछ । स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्थापन गर्न बनेको प्रदेश नं. ७ को ऐनको दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन पाउने छैनन् भन्ने उल्लेख भएकोमा नगरपालिकाले बैठक भत्ता, पारिश्रमिक,इन्धन तथा विविध खर्च बापत यो आर्थिक बर्षमा रु. १०७९३३२५.० खर्च लेखेको पाइयो भने यस बर्ष भएका कानुन विपरीतका भत्ता नगरपालिकाबाट छानविन गरी असुल हुनुपर्ने देखिन्छ। साथै कानुनले प्रदान नगरेका भत्ता तथा अन्य सुविधा बापतको भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०.१.</td><td>नगरपालिकाले गरेको भुक्तानी सम्बन्धित व्यक्तिले प्राप्त गरेको हुनुपर्दछ । नगरपालिकाका पदाधिकारीहरुलाई उपलव्ध गराइएको बैठक भत्ता बापतको रकम निम्न पदाधिकारीहरुले बुझेको नदेखिएकोले निम्नानुसारको रकम बुझेको भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र.स</th><th>गो.भौ.नं. मिति</th><th>पदाधिकारीको नाम</th><th>भुक्तानी रकम रु.</th><th>क्र.स</th><th>गो.भौ.नं. मिति</th><th>पदाधिकारीको नाम</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१.</td><td>१०९-२०७४/८/२४</td><td>प्रताप ब. चन्द</td><td>१७००.०</td><td>२.</td><td>१०९-२०७४/८/२४</td><td>पृथम सिंह राना</td><td>१७००.०</td></tr>
<tr><td>३.</td><td></td><td>बसन्ती सुनार</td><td>१७००.०</td><td>४.</td><td></td><td>सावित्रि राना</td><td>१७००.०</td></tr>
<tr><td>५.</td><td></td><td>पुर्वा तामाङ</td><td>१७००.०</td><td>६.</td><td></td><td>दुर्गा खत्रि</td><td>१७००.०</td></tr>
<tr><td>७.</td><td></td><td>सिता गिरी</td><td>८५०.०</td><td>८.</td><td></td><td>सुपा तामाङ</td><td>१७००.०</td></tr>
<tr><td>९.</td><td></td><td>शान्ती तामाङ</td><td>१७००.०</td><td>१०.</td><td></td><td>बम बहादुर तामाङ</td><td>१७००.०</td></tr>
<tr><td>११.</td><td></td><td>दुर्गा विश्वकर्मा</td><td>१७००.०</td><td>१२.</td><td></td><td>आशा तामाङ</td><td>८५०.०</td></tr>
<tr><td>१३.</td><td>१८१-२०७४/१०/७</td><td>सुपा तामाङ</td><td>१७००.०</td><td>१४.</td><td>१८१-२०७४/१०/७</td><td>बम बहादुर तामाङ</td><td>१७००.०</td></tr>
<tr><td>१५.</td><td></td><td>शान्ती तामाङ</td><td>१७००.०</td><td>१६.</td><td></td><td>दुर्गा विश्वकर्मा</td><td>१७००.०</td></tr>
</table></td><td>२८०५०.०</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम . |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७. | | दुर्गा खत्रि | १७००.० | १८. | | आशा तामाङ | ८५०.० |
| | | | जम्मा | | | | २८०५०.० |

**३०.२.** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार विल भपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बैठक भत्ता भुक्तानी गर्दा बैठकमा उपस्थिती बेगर (माइन्युटमा उपस्थिती वेगर ) बैठकभत्ता भुक्तानी तथा बैठक संख्या भन्दा बढि खर्च गरेको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.

रकम: **१४४५०.०**

| क्र.स | गो.भौ.नं. मिति | पदाधिकारीको नाम | वडा नं. | अनुपस्थित मिति | बढि भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १. | १२९-२०७४/९/६ | सुकदेव राना | १० | २०७४/७/२३ | ८५०.० |
| २. | १४६-२०७४/९/१८ | जानकी देवि अवस्थी | ८ | २०७४/८/५,८/२७ | १७००.० |
| ३. | | राम दुलारे राना | ७ | २०७४/६/१५,६/१७ | १७००.० |
| ४. | | बदला राना | ७ | २०७४/९/१५ | ८५०.० |
| ५. | | सुन्तली वि.क | ७ | २०७४/९/१५ | ८५०.० |
| ६. | | मान बहादर तामाङ | ७ | २०७४/७/२१,८/१०,८/२२ | २५५०.० |
| ७. | ३३५-२०७५/२/७ | विष्णु वि.क | १० | २०७४/१२/१०,२०७५/१/७,१/२६ | २५५०.० |
| ८. | ३४३-२०७५/२/७ | विमला सापकोटा | ६ | २०७५/१/२४ | ८५०.० |
| ९. | ४२५-२०७५/३/२१ | नारायण प्रसाद जैशी | ९ | २०७५/३/६ | ८५०.० |
| १०. | ४३०-२०७५/३/२१ | निर्मला विष्ट | ७ | २०७५/३/५ | ८५०.० |
| ११. | | सुकदेव राना | १० | २०७५/३/१९ | ८५०.० |
| | | जम्मा | | | १४४५०.० |

**३०.३.** **प्रमाण वेगरको खर्च :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले विभिन्न मितिमा सञ्चालित विभिन्न वडाको बैठक भत्ता बापतको खर्च लेख्दा सम्बन्धित पदाधिकारीहरुले बुझेको भरपाई तथा बैठक माइन्युट पेश नभएकोले सम्बन्धित पदाधिकारीले बुझेको भरपाई तथा माइन्युट पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

रकम: **३८८०५०.०**

| क्र.स | गो.भौ.नं मिति | विवरण | भुक्तानी रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | १८१-२०७४/१०/७ | वडा नं.१,२ र ३ को कार्तिक र मंसिर महिनाको बैठक भत्ता | ३८०००.० | |
| २. | १९२-२०७४/१०/१७ | वडा नं. ४,५ र ६ को पौष महिनाको बैठक भत्ता | ४१५००.० | |
| ३. | २२१-२०७४/११/११ | कार्यपालिका बैठक | १११०००.० | |
| ४. | २५३-२०७४/११/२८ | अन्य भत्ता | ४०५०.० | |
| ५. | २९६-२०७४/१२/३० | २०७४ फाल्गुन २८ र चैत्र १९ को कार्यपालिका बैठक | ७५०००.० | |
| ६. | ३७५-२०७५/२/२१ | वडा नं. ७ को चैत्र र बैशाख महिनाको बैठक भत्ता | २७०००.० | |
| ७. | ३७८-२०७५/२/२७ | नगर कार्यपालिका बोर्ड बैठक २०७५ बैशाख ७ र जेष्ठ ८ गतेको | ७८०००.० | |
| ८. | ४०४-२०७५/३/१ | वडा नं.१ जेष्ठ महिनाको बैठक भत्ता | १३५००.० | |
| ९. | | | ३८८०५०.० | |

## विषयगत तर्फ

## शिक्षातर्फ

**३१.** **शिक्षकहरुको तलव भत्ता:** शिक्षकहरुको तलव भत्ता बापतको रकम शिक्षक कार्यरत रहेको अवधिसम्मको मात्र सम्बन्धित विद्यालयको खातामा निकासा पाठाउनु पर्ने देखिन्छ । तर नगरपालिकाको कार्यालयबाट प्राप्त विवरण अनुसार निम्न विद्यालयका शिक्षकहरु निम्न मितिमा अवकास भएकोमा अवकास मिति पछाडिसम्मको तलव भत्ता निजहरुकै नाममा निकासा पठाएको देखिएकोले बढी निकासा पठाएको रकम सम्बन्धित विद्यालयबाट फिर्ता प्राप्त गरी राजस्व दाखिला हुनु पर्ने रु. -

रकम: **३५५४६६.९७**

| शिक्षकको नाम | विद्यालयको नाम | अवकास मिति | तलव भत्ता बढी भुक्तानी भएको अवधी | मासिक तल | बढी निकासा भएको तलव भत्ता |
|---|---|---|---|---|---|
| प्रा.शि.द्धि राम सोगारथ शाह | जनशक्ति आ.वि. पुनर्वास | २०७४/६/१८ | २०७४/६/१९ - २०७४/११/३०, २०७४ जेष्ठ र आषाढ | ३०४९५.२० | २२७३८७.१७ |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम .</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>प्रा.शि.द्धि. वामदेव घिमिरे</td><td>बागेश्वरशी मा.वि. पृथ्वीवस्ती</td><td>२०७४/३/२४</td><td>२०७४/४/१ देखि आश्विन, र दशै खर्च</td><td>३०४९५.२०</td><td>१२१९८०.८०</td></tr>
<tr><td>प्रा.शि.द्धि चन्द्रा पौडेल</td><td>बाल बागेश्वरी मा.वि.</td><td>२०७४/६/२५</td><td>२०७४/६/३१</td><td>३०४९५.२०</td><td>६०९९.००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>३५५४६६.९७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२.</td><td>भौ.नं. ६ मिति २०७४।८।१४ शिक्षकहरुको तलव भत्ता रकम सम्बन्धित विद्यालयको खातामा निकासा पठाई तलव भत्ता वितरण हुनु पर्दछ । तर जनकल्याण मा.वि.का एक शिक्षकको (महेश्वार ओझा) भतिजको विवाह परेकोले एक महिनाको तलव अग्रिम पाउन अनुरोध पत्र संलग्न गरी दुई शिक्षकको तलव निजहरुलाई रु. ६१,४९०।४० खर्च लेखेको देखियो । यस प्रकारको खर्च लेख्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३३.</td><td>भौ.नं. १२ मिति २०७४।११।२३ यस नगरपालीका अन्तर्गत अरनिको आधारभुत विद्यालयमा एकल राहतकोटा कायम भएको र नागमती राना उक्त दरवन्दिमा रही हाल नवोदय आधारभुत विद्यालयमा काजमा रही अध्यापन कार्य गरेको भनी निजको व्यक्तिगत बैंक खातामा श्रावण देखि कार्तिक र दशै खर्च समते १,१५,८५०।- मा सामाजिक सुरक्षा कर कटाई रु. १,१४,६९१।- जम्मा गरेको देखियो । यस प्रकार एक कार्यालयको राहत दरवन्दिको शिक्षक अर्को विद्यालयमा अध्यापन गराउने भनी तलव भत्ता खर्च लेख्न मिल्दैन । साथै नगरपालीकाले शिक्षकको व्यक्तिगत खातामा रकम भुक्तानी गर्न मिल्ने देखिदैन । तसर्थ यस प्रकारको कार्यमा नियन्त्रण हुनु पर्दछ । साथै जिल्ला शिक्षा कार्यालय कञ्चनपुरको च.नं. ६१ मिति २०७४।४।१० को निर्णयले साविक श्री दुर्गा आवसिय विद्यालय लालझाडी गा.पा. १ बाट श्री अरनिको आ.वि. पुनर्वास न.पा. ११ मा दरवन्दि कायम गरेकोमा निजलाई उक्त विद्यालयले हाजिर नगराएको कारण निज नवोदीत आर्दश विद्यालयमा अध्यापन गराएको देखिन्छ । २०७४।४।१० को निर्णयले दरवन्दी कायम भएकोमा निजलाई श्रावण १० देखीको मात्र तलव भत्ता भुक्तानी दिनु पर्नेमा श्रावण १ बाटै दिएकोले बढी दिन ९ को हुने रु. ६,५१६।५६ निजबाट असुल हुनु पर्ने देखिएको रु.-</td><td>६,५१६.५६</td></tr>
<tr><td>३४.</td><td>भौ.नं. १८ मिति २०७५।२।२८ र भौ.नं. २३ मिति २०७५।३।१८ विद्यालयका शिक्षकहरुको तलव भत्ता बापतको रकम सम्बन्धित विद्यालयकै खातामा निकासा पठाउनु पर्दछ । तर गोरखा नि.मा.वि. ले समयमा लेखापरीक्षण नगराएको कारण जिल्ला शिक्षा कार्यालय कञ्चनपुरले विद्यालयको खाता वन्द गरेको भनी निम्न शिक्षकको तलव भत्ता शिक्षककै व्यक्तिगत बैंक खातामा सिधै भुक्तानी दिएको देखियो । यस प्रकार शिक्षकको व्यक्तिगत खातामा तलव नगरपालिकाले सिधै जम्मा गर्नु नियम संगत देखिदैन । तसर्थ यस प्रकारको कार्य नियन्त्रण हुनु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>शिक्षक</th><th>तलव भत्ता पठाएको अवधि</th><th>रकम</th></tr>
<tr><td>१</td><td>विष्णु सिंह</td><td>२०७४ चैत्र देखि २०७५ आषाढ सम्म</td><td>९९१७७.००</td></tr>
<tr><td>२</td><td>कामे वहादुर तामागं</td><td>२०७४ चैत्र देखि २०७५ आषाढ सम्म</td><td>९९१७७.००</td></tr>
<tr><td>३</td><td>तर्कराज भट्ट</td><td>२०७४ चैत्र देखि २०७५ आषाढ सम्म</td><td>१०४४४५.००</td></tr>
<tr><td>४</td><td>शंकर दत्त भट्ट</td><td>२०७४ चैत्र देखि २०७५ आषाढ सम्म</td><td>१०४४४५.००</td></tr>
<tr><td>५</td><td>जसमान तामागं</td><td>२०७४ चैत्र देखि २०७५ आषाढ सम्म</td><td>१०४४४५.००</td></tr>
<tr><td>६</td><td>धनमाया तामागं</td><td>२०७४ चैत्र देखि २०७५ आषाढ सम्म</td><td>२९७००.००</td></tr>
<tr><td>७</td><td>मनमाया तामागं</td><td>२०७४ चैत्र देखि २०७५ आषाढ सम्म</td><td>५९४०.००</td></tr>
<tr><td></td><td></td><td></td><td>५४७३२९.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>कृषितर्फ</td><td></td></tr>
<tr><td>३५.</td><td>नगरपालीकाले बार्षिक कार्यक्रममा निम्न अन्नवाली निम्न परीमाणमा खरिद तथा वितरण (निश्चित प्रतिशत अनुदानमा) गर्ने लक्ष्य राखेको छ । तर कार्यक्रम संचालन गर्ने कृषि प्राविधिकले तोकेको लक्ष्य भन्दा बढी परीमाण खरदि गरेको देखाई वितरण रकम नपुग भएको सम्बन्धमा नगर कृषि विकास समितिको मिति २०७४।७।१३ को निर्णयले रकम रकमान्तर गरी थप गरेको छ । तर खरिद परीमाण बढाएको सम्बन्धमा निर्णय गरेको देखिएन । तसर्थ कार्यक्रममा तोकिएको भन्दा बढी परिमाण खरिद गरेको सम्बन्धमा नगर कृषि विकास समितिबाट खर्च अनुमोदन हुनु पर्ने देखिन्छ ।</td><td>१,६५,४९५.०</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम .</th></tr>
<tr><td></td><td>अन्यथा बढी भुक्तानी भएको अनुदान रकम कार्यक्रम संचालन गर्ने व्यक्तिबाट असुल हुनु पर्ने देखिएको रु.-
<table>
<tr><th>बार्षिक कार्यक्रम नम्वर</th><th>कार्यक्रम (परिमाण)</th><th>खरिद फर्म</th><th>खरिद परिमाण</th><th>कार्यक्रम भन्दा बढी खरिद परिमाण</th><th>बढी खरिद मुल्य</th><th>बढी गएको भुक्तानी</th></tr>
<tr><td>१.४ आलु विउ ७५ % वितरण अनुपातमा</td><td>५००० के.जी.</td><td>महाकाली सिंचाई प्रणाली जल उपभोक्ता समिति</td><td>६०००</td><td>१०००</td><td>५००००.००</td><td>३७५००.००</td></tr>
<tr><td>३.१ तोरीको विउमा ५०% अनुदान</td><td>१००० के.जी</td><td>परासन विउ कृषक समुह</td><td>११५३</td><td>१५३</td><td>१९८९०.००</td><td>९९४५.००</td></tr>
<tr><td>२.१ गहुँको विउ ५०% अनुदानमा वितरण</td><td>६००० के.जी</td><td>विज वृद्धि कृषक सहकारी संख्या</td><td>९६००</td><td>३६००</td><td>२३४०००.०० </td><td>११७०००.००</td></tr>
<tr><td>२.३ विज वृद्धिका लागि श्रोत विउ ७५ % अनुदान</td><td>२००० के.जी</td><td>क्षेत्रिय विउ विजन प्रयोगशाला र विज वृद्धि कृषक सहकारी संस्था</td><td>२०२०</td><td>२०</td><td>१४००.००</td><td>१०५०.००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>१६५४९५.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६.</td><td>बार्षिक कार्यक्रममा ५० प्रतिशत अनुदानमा गहुँको विउ वितरण रु. १,८०,०००।- बजेट विनियोजन गरेकोमा मिति २०७४।७।१३ मा वसेको नगर कृषि विकास समितिको वैठकको निर्णयले अन्य कार्यक्रम घटाई यस कार्यक्रममा रु. १,२५,५००।- थप गरेको समेत रु. ३,०५,५००।- पुगेको छ । तर उक्त कार्यक्रमकोलागि प्रा.स. सुमनराज जोशी मार्फत विज वृद्धि कृषक सहकारी संस्थाको मिति २०७४।७।१४ र २०७४।७।२३ को विलबाट रु.९६०० के.जी गहुँको विउ रु. ६५।- ले रु. ६,२४,०००।- मा खरिद गरी ५० प्रतिशत अनुदान रु. ३,१२,०००।- खर्च लेखेको देखियो तर्सथ कुल बजेट भन्दा बढी खर्च लेखेको रु. ६,५००।- असुल हुनु पर्ने रु.</td><td>६,५००.०</td></tr>
<tr><td>३७.</td><td>भौ.नं. १० मिति २०७४।९।१७ विद्यालयको माग फाराम अनुसारको रकम खर्च लेख्नु पर्दछ । नगरपालिका अन्तर्गतका ३२ विद्यालयको दोश्रो चौमासिकको कुल रु. २,११,५९,७६८।- को तलवी भरपाई भएकोमा गो.भौ.नं. ८ र ९ बाट क्रमश जनशक्ति आधारभुत विद्यालयलाई रु. ५,४२,६२४।४० र जन कल्याण मा.वि लाई रु.९,०७,७१६।- निकासा दिएको रकम घटाई रु. १,९७,०९,४२७।६० मात्र बजेट खर्च जनाउनु पर्नेमा रु. २,०४,४५,४७७।२० बजेट खर्च लेखेको उक्त रकम बैक नगदि किताबमा बजेट खर्च जनाएतापनि विद्यालय खातामा गएको देखिएन । साथै बजेट खर्चमा परेको तर बैक खर्च नभएको उक्त रकम आर्थिक बर्षको अन्त्यमा वचत रहेको जनाई आन्तरिक आय खातामा जम्मा गरेकोले उक्त रकम रु. ७,३६,०४९।६० राजस्व दाखिला हुनु पर्ने रु.-</td><td>७,३६,०४९.६</td></tr>
<tr><td>३८.</td><td>भौ.नं. १० मिति २०७५।१०।७ बार्षिक कार्यक्रममा वगरमा तरकारी खेती विस्तार सहयोग (७५ % अनुदान तरकारी विउ वितरण) को लागि रु. ८०,०००।- बजेट विनियोजन छ । तर प्रा.स. सुमनराज जोशीले पेश गरेको फांटवारी अनुसार एम एम एग्रोभेटको मिति २०७४।९।२३ को विलबाट रु. १,००,०००।- को विउ खरिद गरी ल्याएकोमा सोको ७५ प्रतिशतले हुने रु. ७५,०००।- मात्र खर्च लेख्नु पर्नेमा पुरै रु. ८०,०००।- खर्च लेखेकोले बढी रु. ५,०००।- सम्बन्धित व्यक्तिबाट असुल हुनु पर्ने रु.-</td><td>५,०००.०</td></tr>
<tr><td>३९.</td><td>विउ खरिदमा रु. ६५,०००।- र ढुवानी रु. १०,०००।- खर्च गर्ने गरी लागत अनुमान तयार भएको देखिन्छ । तर क्षेत्रिय विउ विजन प्रयोगशाला सुन्दरपुरको मिति २०७५।१।२८ को विलबाट ६४३५०।- को मात्र गहुँ खरिद गरेकोमा गहुँमा वचत रहेको रकम रु. ६५०।- ढुवानीमा वढाइ रु. १०,६५०।- ढुवानी खर्च लेखेको देखियो । यस प्रकार विउको वचत रकम ढुवानी खर्च लेख्न मिल्ने नदेखिएकोले असुल हुनु पर्ने रु.-</td><td>६५०.०</td></tr>
<tr><td>४०.</td><td>भौ.नं. ४८ मिति २०७५।३।२७ बार्षिक कार्यक्रम (४.१ र ४.२ ) मा टिस्टुकल्चर/ सक्कर वेर्ना ५०० र बर्षे फलफुल विरुवा वितरण २००० संख्या वितरण गर्न भनी क्रमश: रु. १,१३,०००।- र १,५०,०००।- समेत २,६३,०००।- बजेट व्यवस्था गरेकोमा मिति २०७५।१।२५ मा वसेको कृषि विकास समितिको निर्णयले फलफुल क्षेत्र विस्तारमा रु.४०,०००।- थप गरेको समेत रु. ४,०३,०००।- बजेट पुगेको छ । तर निम्न नर्सरीबाट निम्न विरुवा खरिद भएकोमा निम्न भए गरेको देखिएको छ ।
<table>
<tr><th>खरिद नर्सरी</th><th>विल मिति</th><th>विरुवा</th><th>संख्या</th><th>रकम</th><th>भुक्तानी रकम</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम .</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>नर्सरी उद्योग</td><td>२०७५/३/१२</td><td>केरा टिस्युरल्चर</td><td>६०००</td><td>२४००००.००</td><td>१२००००.००</td></tr>
<tr><td>राम प्रवेश फलफुल नर्सरी रौटहत</td><td>२०७५/३/१८</td><td>आप</td><td>३०००</td><td>२२५५००.००</td><td>११२७५०.००</td></tr>
<tr><td>,, ,,</td><td>२०७५/३/१८</td><td>लिची</td><td>५००</td><td>२००००.००</td><td>१००००.००</td></tr>
<tr><td>,, ,,</td><td>२०७५/३/१८</td><td>कागती</td><td>१०००</td><td>२५०००.००</td><td>१७,५००.००</td></tr>
<tr><td>,, ,,</td><td>२०७५/३/१८</td><td>अनार</td><td>१२००</td><td>६००००.००</td><td>३००००.००</td></tr>
<tr><td>,, ,,</td><td>२०७५/३/१८</td><td>अम्वा</td><td>१०४०</td><td>२६०००.००</td><td>१३०००.००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>३०३२५०.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०.१.</td><td>कार्यालयमा टिस्टुकल्चर विरुवा (केरा) ५००० वटा वितरण गर्ने उल्लेख भएकोमा ६००० संख्या ल्याई कार्यक्रम भन्दा बढी १००० संख्याको रु. ४०।- ले ४०,०००।- मा ५० प्रतिशत अनुदान खर्च लेखेको रु. २०,०००।- र अन्य विरुवा २००० संख्या मात्र कार्यक्रममा भएकोमा ६७४० संख्या खरिद रु. १,८३,२५०।- खर्च लेखेकोले बढी खर्च लेखेको ४७४० संख्याको औषतमा हुने मुल्य रु. १,२८,८७३।- समेत रु. १,४८,८७३।- को सम्बन्धमा बढी खरिद परिमाण समेत नगर कृषि विकास समितिबाट अनुमोदन गराउनु पर्ने देखिएको रु. -</td><td>१४८८७३.००</td></tr>
<tr><td></td><td>पशु सेवातर्फ</td><td></td></tr>
<tr><td>४१.</td><td>भौ.नं. ८ मिति २०७४।१०।९ बार्षिक कार्यक्रम (५.१) मा हिउँदे घाँस विउ वितरण २० हेक्टरमा गर्ने लक्ष्य तोकिएको देखिन्छ । प.चि श्री मान बहादुर के.सी ले हिउँदे घाँस मैली वालुवा घाँस विकास श्रोत केन्द्र दंगिसरज गा.पा. दाङ्गबाट मिति २०७४।६।८ को विल अनुसार निम्न परिमाण खरिद गरी रु. १,४०,०००।- खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्:
<table>
<tr><th>घाँसको विउ</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>वर्सिम</td><td>४०० के.जी</td><td>२५०.००</td><td>१०००००.००</td></tr>
<tr><td>भेच</td><td>४०० के.जी</td><td>१००.००</td><td>४००००.००</td></tr>
<tr><td></td><td></td><td></td><td>१४००००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१.१.</td><td>कार्यालयले बार्षिक कार्यक्रममा २० हेक्टरमा घाँसको विउ वितरण गर्ने लक्ष्य लिएको देखिन्छ । पशु सेवा विभागबाट प्रकाशित कार्यक्रम संचालन निर्देशिका तथा नर्मस २०६१ को पेज ३४ मा वर्सिम घाँस प्रति हेक्टर २० देखि २५ र मेच घाँस प्रति हेक्टर ३५ देखि ४० हेक्टर लाग्ने उल्लेख छ । जस अनुसार निजले खरिद गरि ल्याएको ४०० के.जी बर्सिम घाँसले १६ हेक्टर क्षेत्रफल ढाक्ने देखिन्छ भने बाँकी ४ हेक्टरकोलागि मेच घाँस १६० के.जी मात्र ल्याए पुग्नेमा ४०० के.जी खरिद गरेकोले आवश्यकता भन्दा बढी खरिद गरेको २४० के.जी. को मुल्य रु. २४,०००।- को सम्बन्धमा नगरपालिकाबाट स्पष्ट हुनु पर्ने अन्यथा उक्त रकम सम्बन्धित व्यक्तिबाट असुल हुनु पर्ने देखिएको रु. -</td><td>२४,०००.००</td></tr>
<tr><td>४२.</td><td>भौ.नं. १३ मिति २०७४।१२।३० बार्षिक कार्यक्रम (५.२) बर्षे घाँसको विउँ ४० हेक्टरमा वितरण गर्न रु. १,००,०००।- बजेट विनियोजन भएकोमा नगर कृषि विकास समितिले मिति २०७५।१।२५ को निर्णयले रु. १०,०००।- थप गरेको समेत १,१०,०००।- बाट निम्नानुसारको बर्षे घाँस विनायक भेट डिष्ट्रिव्यूटर्सको मिति २०७४।१२।१ को विलबाट खरिद गरेकोमा निम्न भए गरेको छ ।
<table>
<tr><th>घाँसको विउ</th><th>खरिद परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>सुडान चरी</td><td>७०० के.जी</td><td>१००.००</td><td>७००००.००</td></tr>
<tr><td>बाजुरा चरी</td><td>५०० के.जी</td><td>८०.००</td><td>४००००.००</td></tr>
<tr><td></td><td></td><td></td><td>११००००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२.१.</td><td>कार्यालयको बार्षिक कार्यक्रममा ४० हेक्टरकोलागि बर्षे घाँसको विउँ खरिद गर्ने उल्लेख गरेको छ । पशु सेवा विभागबाट प्रकाशित कार्यक्रम संचालन निर्देशिका तथा नर्मस २०६१ मा सुडान चरी प्रति हेक्टर १० देखि १५ के.जी र वाजुरा चरी १० देखि १२ के.जी लाग्ने उल्लेख छ । जस अनुसार ४० हेक्टरकोलागि सुडान चरी मात्रै ६०० के.जी भए पुग्नेमा अनावश्यक रुपमा ७०० के.जी खरिद गरेकोले बढी १०० के.जी को मुल्य रु.१०,०००।- र बाजुरा चरी ५०० के.जी को रु. ४०,०००।- ( आवश्यक नदेखिएको) समेत रु. ५०,०००।- को सम्बन्धमा नगरपालिकाबाट स्पष्ट गर्नु पर्ने देखिन्छ । अन्यथा उक्त रकम सम्बन्धित व्यक्तिबाट असुल हुनु पर्ने रु. -</td><td>५०,०००.००</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम . |
|---|---|---|
| ४२.२. | घाँसको विउँ वितरण गर्दा सम्बन्धित कृषक कुन समुह वा समितिका हुन स्पष्ट खुलाई वितरण गर्ने कार्यमा सुधार हुनु पर्दछ । | |
| ४३. | भौ.नं. ३२ मिति २०७५।३।१८ बार्षिक कार्यक्रम (४.४) मा मिल्क वयान खरिद तथा वितरण १० वटाको लागि रु. २,००,०००।- बजेट वियोजन भएको छ । कार्यलयले श्रेष्ठ ट्रेड मेडियाको मिति २०७५।१।२ को विलबाट १६ गोटा खरिद गरि मु.अ.कर समेत रु. १,८०,८००।- खर्च गरेको छ । बार्षिक कार्यक्रममा स्पष्टसंग १० थान खरिद तथा वितरण रहेकोमा कार्यक्रम संशोधिन बेगर १६ थान वितरण गरेकोले बढी ६ थानको मुल्य ६७,८००।- को सम्बन्धमा नगरपालिकाबाट स्पष्ट हुनु पर्ने रु. - | ६७,८००.०० |
| ४४. | भौ.नं. ३० मिति २०७५।३।२७ बार्षिक कार्यक्रम (१.६) मा प्रजन्नको लागि १५ बोका खरिद गर्न रु. २,२५,०००।- विनियोजन गरेको छ । कार्यालयले सुदुरपचिम कृषि तथा पशु विकास फर्म प्रा.लि. को मिति २०७५।३।१५ को विलबाट ३ गोटा र कालिका पशु पालन तर्फ कृष्णपुर १ बाट २ गोटा तथा सयपत्री बोयर बाख्रा श्रोत केन्द्र समुह जोरायल डोटिमा मिति २०७५।३।१२ को विलबाट ६ गोटा समेत ११ वटा क्रमश दर रु.२४,०००।- र रु.३०,०००।- ले रु. ३,००,०००।- खर्च गरेको देखियो । यस सम्बन्धमा निम्न भए गरेको छ । | |
| ४४.१. | बार्षिक बजेटमा १५ वटा बोका खरिद गर्न रु. २,२५,०००।- मात्र राखेकोमा ११ वटा बोका खरिद गरी ३,००,०००।- खर्च गरेकाले बढी खर्च गरेको रु. ७५,०००।- को सम्बन्धमा नगर कार्यापालिकाबाट अनुमोदन हुनु पर्ने देखिन्छ । | |
| ४४.२. | प्रजन्नको बोका वितरण गर्दा कृषक समुह वा समितिलाई वितरण गर्नु पर्नेमा सो नगरी नगरपालिकाका ११ वटा वडामा एक एक गोटा पर्ने गरी व्यक्तिलाई वितरण गरेको देखिएकोले यसमा सुधार हुनु पर्दछ । | |
| ४४.३. | प्रजननन् बोका प्राप्त गर्ने किसान सँग बोकाले दिने सेवा र पशु पालन कृषकहरुले पाउने सुविधा सम्बन्धमा स्पष्ट गरी सम्झौता गर्नु पर्नेमा गरेको छैन । वोकाले दिएको सेवा बापत बोका पाल्ने कृषकले पाउने सुविधा (रकम) समेत स्पष्ट खोली सम्झौता हुनु पर्दछ । | |
| ४४.४. | वितरित बोकाको पशु चिकित्सकबाट स्वास्थ्य परीक्षण गराएको देखिएन । | |
| ४४.५. | वितरित बोका नगरपालीकाले दिएको स्पष्ट पहिचान खुल्ने गरी ट्यागिङ्ग समेत हुनु पर्नेमा भएको देखिएन । यसमा सुधार हुनु पर्दछ । | |
| ४५. | बार्षिक कार्यक्रममा गाइ भैसीको गोठ सुधार २० वटाको लागि रु. ४,००,०००।- कुखुराको खोर सुधार१ को लागि ५०,०००।- र मासु पसल सुधार ३ को लागि रु. १,५०,०००।- रहेको छ । जसबाट कार्यालयले विभिन्न किसानले सामान खरिद तथा मर्मत गरेको विल संलग्न गरी अनुदान लगेको देखिन्छ । त्यस प्रकार अनुदान दिँदा सम्बन्धित कृषक समुह वा समितिबाट समेत सिफारिस लिनु पर्नेमा लिएको देखिएन । तसर्थ यस तर्फ सुधार हुनु पर्दछ । उदाहरण: | |

| भौ.नं. / मिति | कृषकको नाम थर | अनुदान | रकम |
|---|---|---|---|
| २३-२०७५/३/३१ | राजेन्द्र अधिकारी | मासु पसल व्यवस्थापन | ५००००.०० |
| २४-२०७५/३/३१ | रुपा कार्की | पासु पसल व्यवस्थापन | ५००००.०० |
| २५-२०७५/३/३१ | जोहन तामागं | खोर सुधार | ४००००.०० |
| २६-२०७५/३/३१ | प्रदेशी चौधरी | खोर सुधार | ४००००.०० |
| २७-२०७५/३/३१ | राजीव बोहोरा | खोर सुधार | ४००००.०० |
| २८-२०७५/३/३१ | विशाल सापकोटा | खोर सुधार | ४००००.०० |
| २९-२०७५/३/३१ | सुममाया तामागं | खोर सुधार | ४००००.०० |
| ३१-२०७५/३/३१ | प्रम प्रसाद जैसी समेत ४६ जना | गोठ सुधार | ४६००००.०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम . |
|---|---|---|
| | **बनतर्फ** | |
| ४६. | भौ.नं. १६ मिति २०७५।३।२६ बार्षिक कार्यक्रम अनुसार नगरपालिकाले ग्रिन नर्सरी उद्योग सँग | ४,५०,०००.० |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम .</th></tr>
<tr><td></td><td>विभिन्न जातका ५०००० विरुवा उत्पादन गर्न प्रति विरुवा रु. ९।- ले दिने गरी रु. ४,५०,०००।- मा सम्झौता गरेको देखिन्छ । सम्झौता अनुसार निजले विरुवा उत्पादन गरी सकेपछि रकम भुक्तानी दिनु पर्नेमा अग्रिम विना जमानत रु. ९०,०००।- पेश्की दिएको देखियो । यस प्रकार विना जमानत तेश्रो पक्षलाई पेश्की दिन मिल्ने देखिदैन । सार्थ निजले ५०००० विरुवा उतपादन गरेको भनि पेश्की रकम समेत रु. ४,५०,०००।- भुक्तानी लगेको छ । तर उत्पादित विरुवा के कहा कसलाई वितरण भयो वा वृक्षरोपण भयो सो खुल्दैन । तसर्थ उक्त विरुवाको वितरण रजिस्टर्ड पेश हुनु पर्ने रु.-</td><td></td></tr>
<tr><td>४७.</td><td>भौ.नं. २० मिति २०७५।३।३१ बार्षिक कार्यक्रममा अनुगमन कार्यको लागि रु. २,५०,०००।- बजेट विनियोजन गरेको देखिन्छ । उक्त रकमबाट नगर प्रमुख देखी स.व. अ. दिनेश कुमार यादव सम्म १९ जनालाई उत्पादन कार्यको अनुगमन गरेको भनी अनुगमन खर्च बापत रु. २५,०००।- समेत कुल रु. ६९,७३५।- र मिति २०७५।३।४ देखि २०७५।३।३० सम्म कार्यालयका कर्मचारीहरुले विरुवा वितरण गरेको भनी १४ जनालाई भत्ता बापत ३,१५०।- समेत रु. १,१२,२३५।- खर्च लेखेको देखियो । कार्यालय तर्फबाट उत्पादन भएको विरुवा १५०००० स.व.अ. श्री दिनेश कुमार यादव कै प्रत्यक्ष संलग्नतामा उत्पादन भएकोमा सोही विरुवा उत्पादन कार्यको अनुगमन गरेको भनी निज समेतलाई भत्ता वितरण गर्नुलाई उचित मानिएन । त्यसै गरी नर्सरीमा निरन्तर नर्सरी नाईके रहेको र वितरण कार्य निजबाटै हुनेमा कार्यालयका कर्मचारीले वितरण गरेको भनी भत्ता भुक्तानी लिनु समेत मनासिन देखिएन । यस प्रकारको खर्च नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४८.</td><td>सामाजिक सेवा भत्तातर्फ</td><td></td></tr>
<tr><td>४९.</td><td>सामाजिक सेवा भत्ता: कार्यालयले निम्न बैंकहरु मार्फत सामाजिक सुरक्ष भत्ता वितरण गर्ने गरेको देखियो । कार्यालयमा रहेको लाभार्थी भुक्तानी प्रतिवेदनले देखाए अनुसार आर्थिक बर्ष २०७४।०७५ मा निकासा गएको रकम खर्च नभई निम्नानुसार बैंकमा मौज्दात रहेकोले उक्त रकम राजस्व दाखिला हुनु पर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>बैंक</th><th>वचत रकम</th></tr>
<tr><td>१</td><td>कञ्चन डेभलपमेण्ट बैंक</td><td>३,४२,०००.००</td></tr>
<tr><td>२</td><td>देव विकास बैंक</td><td>८२,६००.००</td></tr>
<tr><td>३</td><td>लक्ष्मी बैंक</td><td>३,३५,०००.००</td></tr>
<tr><td>४</td><td>एन आइ सि एशिया बैंक</td><td>७,४५,०००.००</td></tr>
<tr><td>५</td><td>सिद्धार्थ बैंक</td><td>२६,४००.००</td></tr>
<tr><td></td><td>जम्मा:</td><td>१५,३१,०००.००</td></tr>
</table></td><td>१५,३१,०००.०</td></tr>
<tr><td>५०.</td><td>नगरपालीका भवन निर्माण: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख भन्दा बढी रकमको निर्माण कार्य बोलपत्र प्रकाशित गरी गर्नु पर्ने उल्लेख छ । कार्यालय भवन निर्माण कार्य बोलपत्रको माध्यमबाट गराउन मिति २०७५।११।१८ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७३।११।१९ मा रु. ६,३२,१२,८३०।- (मु.अ.कर समेत) मा सम्झौता भएकोमा मिति २०७५।३।२५ मा सम्पन्न गरेको भनी मिति २०७५।३।३१ मा अन्तिम विलबाट रु. १,८८,२७,६८४।- र अन्तिम विल सम्मबाट रु. ६,६७,८५,७८८।३२ (मु.अ.कर समेत) भुक्तानी लगेको छ । सम्झौता रकम भन्दा बढी भुक्तानी भएको सम्बन्धमा नया थप भएको आइटमको मु.अ.कर समेत रु. २७,४०,१११।०४ र वृद्धि भएको परिमाणको नगरप्रमुखबाट मिति २०७५।३।१ मा भेरियसन आदेश भएको छ । यस सम्बन्धमा निम्न भए गरेको देखिएको छ ।</td><td></td></tr>
<tr><td>५०.१.</td><td>निर्माण व्यवसायिसँग भएको सम्झौतामा कुनै आइटममा २५ प्रतिशत भन्दा बढी वृद्धि भएमा वृद्धि भएको परिमाणको वार्ताबाट दर कायम गर्ने उल्लेख छ । जस अनुसार Supply and laying duty interlocking tiles (60 mm thick) on parking pathway etc मा २५ प्रतिशत भन्दा ४४१.८१ ब.मि. वृद्धि भएकोमा निर्माण व्यवसायीसँगको बार्तामा (रेट नेगोसियसन) प्रति व.मि( रु. १२००।- उल्लेखभएकोमा विल तयार गर्दा रु. १२१०।- ले भुक्तानी दिएकोले बढी दिएको रु. १०।- ले हुने रु. ४,४१८।१० असुल हुनु पर्ने रु.-</td><td>४,४१८.१०</td></tr>
<tr><td>५०.२.</td><td>निज निर्माण व्यवसायीले उक्त भवनको As built drawing वापत मु.अ.कर समेत रु.</td><td>१,००,०००.००</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम . |
|---|---|---|
| | ३३८०८।४७ भुक्तानी लगेको छ । तर हाल सम्म As built तयार गरेको देखिएन । सम्झौताको दफा ५६.२ मा एज विल्ट नक्सा तयार नगरेमा रु.१,००,०००।- रोक्का राख्नु पर्ने उल्लेख भएकोमा नगरपालीका कार्यालयले सो अनुसार रकम रोक्का राखेको नदेखिएको रु.- | |
| | **स्वास्थ्यतर्फः** | |
| ५१. | **बजेट भन्दा बढी खर्चः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियममा खर्च गर्ने अधिकारीले बजेटको सिमा भित्र रही खर्च गर्नु पर्ने उल्लेख छ । कार्यालयले यो बर्ष भिटामिन ए र जुकाको औषधि खुवाउने कार्यक्रम बर्षमा २ पटक गर्ने गरी रु. १,३६,०००।- बजेट विनियोजन भएकोमा रु. १,६१,६००।- खर्च भएको पाईयो । यसरी स्वीकृत कार्यक्रम संशोधन बेगर बजेट भन्दा बढी खर्च भएको रु. २५,६००।- खर्च गर्ने पदाधिकारीबाट जिम्मेवार वनाई नियमित हुनु पर्ने रु.- | २५,६००.०० |
| ५१.१. | भौ.नं. २० मिति २०७४।८।७ भिटामिट ए र जुकाको औषधि खुवाउने कार्यक्रममा कालिका स्वास्थ्य चौकीलाई रु. २५,६००।- खर्च लेख्नु पर्नेमा रु. ३४,०००।- खर्च लेखेकोले बढी खर्च भएको रु. ८,४००।- खर्च गर्ने जिम्मेवार व्यक्तिबाट असुल गर्नु पर्ने रु.- | ८,४००.०० |
| ५२. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| ५३. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन । | |
| ५४. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| ५५. | **धरौटी सदरस्याहा :-** नगरपालिकाले सदरस्याहा गरेको धरौटी सञ्चित कोष दाखिला गर्नुपर्दछ । नगरपालिकाले गो.भौ.नं. ४५-२०७५।३।३१ ठेक्का नं. PUM/MUN/2074/75-008 बाट आर्शिवाद कन्स्ट्रक्सनको विडवण्ड रु.६००००। जफत गरेकोमा धरौटी खातामा आम्दानी जनाएको छ । यसरी सञ्चितकोषमा आम्दानी जनाउनुपर्ने रकम धरौटी खातामा आम्दानी जनाएको अनियमित देखिएको रु. | ६००००.० |
| ५६. | **व्यक्तीगत धरौटी खाता :–** कार्यालयले कामको सुरक्षण बापत व्यक्ति वा फर्मले राखेको व्यक्तिगत धरौटी खाताले धरौटी राखेको मिति स्पष्ट रुपमा चित्रण गर्नुपर्दछ । कार्यालयले व्यक्तिगत धरौटी खातामा धरौटी राखेको मिति स्पष्ट खुलाएको छैन । व्यक्तिगत धरौटी खातामा स्पष्ट मिती खुल्ने गरी अभिलेख राख्नुपर्दछ । | |
| ५७. | **वित्तीय जवाफदेहिता मूल्यांकनः-**सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्यांकन गर्न तोकिएका सूचकको आधारमा मूल्यांकन गरी सो को आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा व्यवस्थापकीय | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम .</th></tr>
<tr><td></td><td>पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन / विकास निर्माण सम्बन्धमा लेखापरीक्षणको शिलशिलामा मूल्यांकन गर्दा कूल १०० अंक मध्ये ४३ अंक प्राप्त गरी ग्रेड सि प्राप्त गरेको पाइएको छ। उल्लेखित विषयमा सुधार गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>५८.</td><td>बेरुजू: पुर्नवास नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू २८लाख २८ हजार, अनियमित भएको रु. ४० लाख, प्रमाण कागजात पेश नभएको बेरुजू २० लाख ७ हजार समेत रु. ८८ लाख ३५ हजार कायम भएकोमा प्रतिक्रियाबाट फछ्र्यौट नभएकोले रु. ८८ लाख ३४ हजार नै कायम भएको छ।</td><td></td></tr>
<tr><td>५८.१.</td><td>बेरुजू अनुगमन तथा मूल्याङ्कन: स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ८४ घ बमोजिम बेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयको गत वर्षको बेरुजू फछ्र्यौटको स्थिति निम्नानुसार देखिएको छ।</td><td></td></tr>
<tr><td>५८.२.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयमा आ.व २०७३।७४ पछिको मात्र बेरुजु लगत रहेकोले बाँकी बेरुजु गणना सोही बमोजिम प्रतिवेदन गरिएको छ। आ.व २०७३/७४ भन्दा अगाडिको बेरुजु फछ्र्यौट समेतको व्यहोरा निम्नानुसार देखिएको छ :<br>रु. हजारमा
<table>
<tr><th>गत वर्षको बेरुजु रकम (रु.)</th><th>दफा नं.</th><th>यो वर्ष जम्मा फछ्र्यौट</th><th>जम्मा फछ्र्यौट</th><th>बाँकी</th></tr>
<tr><td>७८८०</td><td>०</td><td>१३०१.०</td><td>७८०१.०</td><td>७९.०</td></tr>
<tr><td></td><td>५</td><td>६५००.०</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>५८.३.</td><td>अद्यावधिक बेरुजु स्थिति : पुनर्वास नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु.</th><th>यो वर्षको कायम बेरुजु रु.</th><th>बाँकी</th></tr>
<tr><td>७९.०</td><td>०.०</td><td>८८३५.०</td><td>८९१४</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची- १

# पुनर्वास नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि.न) | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | कञ्चनपुर | पुर्नवास नगरपालिका | ५५ | ३० | ८८३५ | | | ० | ५५ | ३० | ८८३५ | २८२८ | ४००० | २००७ | | | ८८३५ | | | |

अनुसूची- २

# सञ्चित कोष विवरण

## २०७४।७५

**प्रदेश नम्बर :- ७**

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | पुर्नवास नगरपालिका | कञ्चनपुर | १७६७८ | २६०९१० | १२६५२७ | १०८२५५ | ४९५६९२ | १९५९१२ | २४१३०५ | १९०७ | ४३९१२४ | ७४२४६.० |